# बेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सिसैया, कञ्चनपुर
## सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आय सम्बन्धी
## दरभाउपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०।०३।२९**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ बमोजिम यस बेदकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने विभिन्न कर, शुल्क, दस्तुर संकलन गर्ने कार्यका लागि आ.व.२०८०।०८१ मा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा देहायमा उल्लेखित शीर्षकमा आन्तरिक आय संकलनको ठेक्का बोल कबोल गर्न नियमानुसार दर्ता भएका फर्मलाई तोकिएको शर्तको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना जारी गरिएको छ ।

**ठेक्काको विवरण**

| ठेक्का नं. | ठेक्काको नाम | २०८०।०८१ को न्यूनतम कबोल अंक भ्याट बाहेक | दरभाउ पत्र दस्तुर |
|---|---|---|---|
| ०२/२०८०/०८१ | कबाडी सामानमा कर उठाउने ठेक्का | १५,५१,०००।- | १,०००।- |
| ०३/२०८०/०८१ | विज्ञापन करको ठेक्का | १,८०,०००।- | १,०००।- |
| ०४/२०८०/०८१ | बेदकोट भ्युटावर, पिकनिक स्पोर्टमा प्रवेश शुल्क तथा पार्किङ शुल्क | १,११,०००।- | १,०००।- |
| ०५/२०८०/०८१ | लिङ्गा क्षेत्रमा पार्किङ शुल्क | १,६५,०००।- | १,०००।- |

**ठेक्का शर्तहरु**

१. ठेक्काको दरभाउ पत्र खरिद वापत लाग्ने दस्तुर नगदै वा एनआईसि एसिया बैंक, दैजीमा यस कार्यालयको **आन्तरिक राजश्व खाता हि.नं. 1852050028240002** मा जम्मा गरेको सक्कल बैंक भौचरका साथै संस्था दर्ता प्रमाण-पत्र, कर दर्ता प्रमाण-पत्र (मु.अ.क समेत) र आ.व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन पेश गरी यस कार्यालयबाट खरीद गर्न सकिनेछ । साथै एउटा फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले पेश गर्न पाईने छैन ।

२. ठेक्काको दरभाउ पत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र खरीद गरी १६ औं दिनको १२ बजेसम्म यस कार्यालयमा दर्ता गर्न सकिने छ र दर्ता भएका दरभाउ पत्रहरु सोही दिन २.०० बजे देखि दरभाउ पत्र दार्तावाला वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । तर प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन । दरभाउ पत्र खरीद गर्ने, दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. न्यूनतम ठेक्का अंक भन्दा घटी कबोल गरेको, म्याद नाघेको, रित नपुगेको कुनै शर्त राखी पेश भएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

४. दरभाउ पत्र दिदां आफुले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुने धरौटी रकम नगद वा यस बेदकोट नगरपालिकाको नाममा एनआईसी एसिया बैंकको दैजी शाखामा रहेको **धरौटी खाता हि.नं. I5CA052423252403** मा जम्मा गरी सो को सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी गरिएको ७५ दिन म्याद भएको बिडबण्ड दरभाउ पत्रसाथ राखी यस कार्यालयमा बुझाउनु पर्नेछ ।

५. आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्बन्धी नियमावली २०७६ को नियम ४ को उपनियम ४.२ बमोजिम ठेक्का कबोल गरेको अंक एकमुष्ठ बुझाएमा औचित्यता हेरी बढीमा कबोल अंकको १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

६. दरभाउ पत्र दर्ता गराई सकेपछि ससोधन गर्न पाईने छैन ।

७. एउटै फर्मबाट एक भन्दा बढी दरभाउपत्र दर्ता भएको देखिएमा सो फर्मबाट दर्ता भएका सबै दरभाउपत्र नखोली कनै अस्वीकृत गरिनेछ ।

८. ठेक्का सम्बन्धी विस्तृत जानकारी कार्यालयबाट वा www.bedkotmun.gov.np बाट प्राप्त गर्न सकिनेछ र अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछन् ।

.................................

पदमराज भट्ट

प्रमुख प्रशासकीय अधिकृत